लोक सेवा आयोग
**काठमाडौं कार्यालय**
(परीक्षा शाखा)

अनामनगर, काठमाडौं

☎ ०१-४७७१९८२, ४७७१९८४, ४७७१९८१, फ्याक्स नं- ०१-४७७१९८३ वेवसाइटः www.psc.gov.np इमेलः kathmandu@psc.gov.np

# राजपत्रांकित तृतीय श्रेणी, विद्यालय निरीक्षक पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

## सूचना नं. ९८।०७८-७९, मिति २०७८।१२।०६

लोक सेवा आयोग, केन्द्रीय कार्यालयको विज्ञापन नम्बर **१७३३६-१७३३९/०७८-७९ (खुला तथा समावेशी)**, **नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूह, राजपत्राङ्कित तृतीय** श्रेणी, **विद्यालय निरीक्षक वा सो सरह (प्राविधिक)** पदमा **काठमाडौं परीक्षा केन्द्र** राखी दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र लोक सेवा आयोगबाट स्वीकृत तेस्रो संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (तेस्रो संशोधनसहित)को पालना गर्ने गराउने गरी निम्न मिति र समयमा निम्नानुसारका परीक्षा भवनहरुमा प्रतियोगितात्मक लिखित परीक्षा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । परीक्षार्थीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्य १ र २ मा तल उल्लेख गरिएको छ ।

**लिखित परीक्षा कार्यक्रम**

| क्र.सं. | पत्र | विषय | परीक्षा प्रणाली | मिति र समय | समय |
|---|---|---|---|---|---|
| १. | प्रथम | **General Subject (General Awareness & General Ability Test)** | वस्तुगत बहुवैकल्पिक | २०७८।१२।२७ गते दिनको २:०० बजे | १ घण्टा ३० मिनेट |
| २. | द्धितीय | **General Technical Subject** | विषयगत | २०७८।१२।२८ गते दिनको २:०० बजे | ३ घण्टा |
| ३. | तृतीय | **Service Group Specific Subject** | विषयगत | २०७८।१२।२९ गते दिनको २:०० बजे | ३ घण्टा |

**लिखित परीक्षा भवन**

| क्र.सं. | उम्मेदवारहरूको रोल नं | संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १ | ८७०००१ देखि ८७०२०० सम्म | २०० जना | श्री पि.ई.ए. एशोसिएसन (क), थापाथली |
| २ | ८७०२०१ देखि ८७०४०० सम्म | २०० जना | श्री पि.ई.ए. एशोसिएसन (ख), थापाथली |
| ३ | ८७०४०१ देखि ८७०५४८ सम्म र त्यसपछि क्रमशः रोल नं. कायम भएका सबै | १४८ जना र त्यसपछि क्रमशः रोल नं. कायम भएका सबै | श्री एस.ई.इन्जिनियरिङ एकेडेमी, थापाथली |

द्रष्टव्य १:-

१. आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन।
२. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ।
३. काठमाडौं परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका बाहेक अन्यत्र परीक्षा केन्द्रका परीक्षार्थीहरूलाई परीक्षामा सामेल गराईने छैन।
४. वस्तुगत परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन ।
५. परीक्षा भवनमा झोला, मोवाइल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ।
६. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रूपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ।
७. परीक्षामा प्रवेश-पत्र सँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रूपमा लिई आउनुपर्नेछ ।

द्रष्टव्य २:- कोभिड-१९ संक्रमणबाट सुरक्षित रहन परीक्षार्थीले अनिवार्य पालना गर्नुपर्ने थप विषयहरू

१. परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयंले कम्तिमा मास्क, स्यानिटाइजर तथा आफ्नो लागि पिउने पानीको अनिवार्य व्यवस्था गर्नु पर्नेछ ।
२. उम्मेदवारले परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कदा भिडभाड नगरीकन एकआपसमा भौतिक दूरी कायम गर्नु पर्नेछ ।

☎ ०१-४७७१९८२, ४७७१९८४, ४७७१९८१, फ्याक्स नं- ०१-४७७१९८३ वेवसाइटः www.psc.gov.np इमेलः kathmandu@psc.gov.np

३. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ ।

४. परीक्षार्थीहरू परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरिकन दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्ने छ ।

५. परीक्षार्थीहरू समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन ।

६. कोभिड-१९ बाट संक्रमित परीक्षार्थीहरूका लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीले आफू संक्रमित भएको जानकारी कार्यालयको टेलिफोन नं. ०१-४७७१९८२ वा मोवाईल नम्बर ९८४१७७७६७० वा ९८४१४३४५९१ मा सम्पर्क गरी अग्रिम जानकारी दिनु पर्नेछ।

| ....................... | ....................... | ......................... |
|---|---|---|
| (उपेन्द्रबहादुर पुन) | (अभिराज डाँगी) | (चन्द्रकान्त निरौला) |
| कम्प्युटर अपरेटर | शाखा अधिकृत | उपसचिव |